# बालिकालाई जबरजस्ती करणी गरेको उद्योगमा पक्राउ

**सिरहा/हिटा ।** १५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा सिरहाको कर्जन्हा नगरपालिका-११ बगाहा बस्ने ३७ वर्षीय गुनेश्वर सिंहलाई मंगलबार बेलुका प्रहरीले पक्राउ गरेको छ । बालिका आफ्नै घर पछाडिको शौचालय गएको अवस्थामा गुनेश्वरले जबरजस्ती करणी गरेको आरोप परिवार तथा आफन्तले लगाएका छन् । उनीहरूले नै गुनेश्वरलाई नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएका थिए । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको इलाका प्रहरी कार्यालय बन्दीपुरले जनाएको छ ।

Government of Province
Lumbini Province
Ministry of Physical Infrastructure Development
**Groundwater Resources and Irrigation Development Division Office**
Nepalgunj, Banke, Nepal

## Notice for the Letter of Intent

Date of Publication:- 2077/10/29

Pursuant to Sub Clauses 27.2 of Public Procurement Act 2063, this is to notify all the bidders who submitted their bids for contract identification number mentioned below as per the Invitation for Bids published in "Himalayan Times National Daily" on 14th Poush 2077 that the following listed lowest evaluated substantially responsive bidder has been selected to award the contract.

| S. N | Contract Id No. | Work Description | Name of Selected Bidders | Bid Price NRs. (with VAT& PS) |
|---|---|---|---|---|
| 1 | 06/077-78/Deurali-Harabhara/Dtw | Construction of 10/6"dia. Two Deep Tubewell at Madhuban-9 & 7, Bardiya | Rajan Nirman Sewa, Nepalgunj, Banke. | 19,18,692.54 |
| 2 | 07/077-78/Neulapur-Thumini-Laganiyakhola/Dtw | Construction of 10/6" dia. Three Deep Tubewell at Thakurababa-2, Bansgadhi 9 & 3, Bardiya | Rajan Nirman Sewa, Nepalgunj, Banke. | 41,94,882.86 |
| 3 | 08/077-78/Dunduwa-Bageshowori/Dtw | Construction of 10/6" dia. Three Deep Tubewell at Dunduwa-3 and Nepalgunj-17, Banke | Sushil Construction, Nepalgunj, Banke. | 39,77,276.12 |
| 4 | 09/077-78/Himal-Durga-Athaisghar /Dtw | Construction of 10/6" Three dia. Deep Tubewell at Khajura-3 and Baijanath-6, Banke | Sushil Construction, Nepalgunj, Banke. | 41,20,302.75 |

**Office Chief**

## Invitation for Bids

Government of Nepal (GoN)
**Sarkegad Rural Municipality**
**Office of Rural Municipal Executive**
**Sarkegad, Humla**
**Karnali Province, Nepal**
Invitation for Bids for the **Construction of 15-bed Hospital Building**
Contract Identification No: 12/SRM/NCB/2077/78
**First Date of publication: 2077/10/29**

1. The Government of Nepal [GoN] **has allocated funds** towards the cost of **Construction of 15-bed Hospital Building** and intends to apply part of the funds to cover eligible payments under the Contract for
   Name of Work :- **Construction of 15-bed Hospital Building at Ward no.-04,Sarkegad RM, Humla**
   Contract Identification No: 12/SRM/NCB/2077/78
   Bidding is open to all eligible as per Section V of bidding document.
2. **Sarkegad Rural Municipality, Sarkegad, Humla** invites sealed bids from eligible bidders for the **Construction of 15-bed Hospital Building** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **NRs 22,00,00,000.00**
   - Minimum Work experience of similar size and nature: **one project and with value NPR 12,00,00,000.00**
   - **Construction Experience in Key Activities:**
     PCC Works for RCC (M10/15/M20/M25) =1350Cum.
     Rebar Works= 175MT.
     Stone Masonry Wall=1100 Cum.
     Form Work=7500 sqm
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provision of ITB 21 of the Bidding Document including notarized documents of turnover certificate, work experience (completion) certificate.
4. Eligible Bidders may obtain further information at the **Office of *Rural Municipal Executive,* Sarkegad Rural Municipality, Sarkegad, Humla, 9851161190, www.sarkegadmun.gov.np** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidders, submitting their bid electronically should deposit the non-refundable fee **NRP. 10000** of bidding document in the Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bid
6. **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank: Citizens Bank International Ltd.**
   **Branch: Sarkegad, Humla**
   **Name of Office: Sarkegad Rural Municipality**
   **Office Account no: 0270100000001202**
   **Account Name: Rajaswaa khata**
7. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00 hours*** on ***2077/12/01.*** Bids received after this deadline will be rejected.
8. The Technical bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 on 2077/12/01** at the Simikot Office of **Office of Rural Municipal Executive, Sarkegad Rural Municipality, Humla**. Bids must be valid for a period of **120 days** after bid opening and must be accompanied by a bid security amounting to a minimum of **NRP. 43,00,000.00** which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. The Rural municipality reserves the right to accept or reject any proposal also the rural municipality reserves the right to award the contact partially or fully.

**Details of Works**

| Contract No. | Description of Work | Cost of Bid Documents (NRP) | Minimum Bid Security Amount (NRP) | Last Date of Submission | Date of Technical Bid Opening |
|---|---|---|---|---|---|
| 12/SRM/ NCB/2077/78 | Construction of 15-bed Hospital Building | 10,000.00 | 43,00,000.00 | 2077/12/01 12:00 hrs | 2077/12/01 14:00 hrs |

**Chief Administrative Officer**

# सडकका श्रमिकलाई सम्मान

**रामचन्द्र रायमाझी/हिटा**
**पाल्पा, २८ माघ**



पाल्पाको सदरमुकाम तानसेनका सडकहरूमा हातमा नाम्लो र बोरा लिएर व्यापारीहरूको सामान ओसार-पसार गर्ने काममै व्यस्त देखिने बगनासकाली गाउँपालिका घोरबन्दका दिपेन कुमाल एक औपचारिक कार्यक्रममा निकै खुशी देखिनुहुन्थो । उहाँ कुनै कामका लागि त्यहाँ जानु भएको भने होइन । सधैं नाम्लो नछुट्ने उहाँको टाउकोमा नयाँ ढाका टोपी र गलामा ढाकाकै खादा देखिन्थ्यो । सदाको दिन भन्दा उहाँको अनुहारमा अलि खुसीको बहार देख्न सकिन्थ्यो । उहाँ मात्रा होइन त्यहाँ अन्य ३० जना श्रमिक महिला र पुरुषहरू पनि कुर्सीमा बसेर भाषण सुनिरहेका थिए ।

दैनिकजसो सडकमा कामको खोजी गर्दै हिँड्ने उनीहरू विशेष पाहुनाका रुपमा कार्यक्रममा उपस्थित हुन पाउँदा निकै हर्षित देखिन्थे । सधैं झुत्रे झाम्रे भएर सडकमा भारी बोकेर हिँड्ने श्रमिकहरू एकाएक कार्यक्रमस्थलमा ढाका टोपी, खादामा सजिएको देख्दा विशाल बजारवासीहरू चकित थिए । यो दृश्य हो तानसेनको विशाल बजारमा सुशील कोईराला सोसलिष्ट युथ सर्कल पाल्पाले आयोजना गरेको श्रमिक सम्मान कार्यक्रमको ।

सर्कलले पूर्वप्रधानमन्त्री तथा नेपाली कांग्रेसका नेता स्व.सुशील कोइरालाको स्मरणमा तानसेनमा ज्याला मजदुरी गर्दै आएका श्रमिक तथा मजदुरहरूलाई सम्मान गऱ्यो । पसिना बगाएर परिवार पाल्न सहर पसेका तिनै श्रमिक, मजदुरहरूले गर्दै आएको कामको उच्च सम्मान गर्दै सर्कलले उनीहरूलाई सम्मान गरेको हो । विकास निर्माणका योजना सम्पन्न भएपछि नेता, समन्वयकर्ता र चन्दादातालाई सम्मान गरिने प्रचलन रहे पनि दैनिक मजदुरी गरी जीविकोपार्जन गर्ने श्रमिकहरूलाई कसैले पनि सम्मान नगरेको अवस्थामा सर्कलले भने उनीहरूलाई सम्मान गरेर प्रशंसनीय काम गरेको नेपाली काँग्रेसका जिल्ला सभापति तथा लुम्बिनी प्रदेशका सांसद वीरबहादुर रानाले बताउनुभयो । उहाँले वर्तमान कम्युनिष्ट सरकारले श्रमिक, मजदुरहरूको पक्षमा कुनै काम गर्न नसकेको धारणा व्यक्त गर्नुभयो ।

सभापति रानाले गरिब मजदुर, श्रमजीवी पक्षको हितमा काम गर्न नेकपाले दुई तिहाई नजिक मत पाएपनि आफै भागवण्डा, पद सत्ताको लागि मात्र काम गर्दै जनतालाई सडकमै राखेको आरोप लगाउनुभयो । नेपाली काँग्रेसकै नेतृत्वमा बनेको लोकतान्त्रिक संविधानलाई सही बाटोमा ल्याउने काम पनि नेपाली काँग्रेसको भएको सभापती रानाले बताउनुभयो । गरिब निमुखा श्रमजीवीहरूलाई नेपाली काँग्रेसले नै माथि उठाउने, उनीहरूको हकहितको विषयमा काम गर्ने उहाँले बताउनुभयो । रानाले श्रमिकहरूलाई खादा, ढाका टोपी, माक्स तथा खाना खाजाको प्याकेट वितरण गर्नुभएको थियो । सुशिल कोइराला मजदुर पृष्ठभूमीबाटै राजनेता भएकाले उहाँले गरिब, श्रमिक, मजदुरहरूको उत्थानका लागि अगाडि सारेका मुद्दाहरू काँग्रेसले साकार पार्नुपर्ने सर्कलका जिल्ला सभापति युवराज चन्द ठकुरीले बताउनुभयो । सर्कलले श्रमिकहरूलाई सम्मानसँगै एक छाक नि:शुल्क भोजन समेत गराएको थियो ।

# कोटेश्वरको केटो' लाई एक लाख रुपैयाँ राशीको पुरस्कार

**हिमालय टाइम्स**
**काठमाडौं, २८ माघ**




नेपाली पत्रकारहरूको अन्तर्राष्ट्रिय सञ्जाल इञ्जाद्वारा स्थापित एक लाख रुपैयाँ राशिको उत्कृष्ट साहित्यिक कृति पुरस्कार-२०२० साहित्यकार तथा पत्रकार राजेन्द्र पराजुलीको संस्मरणात्मक कृति 'कोटेश्वरको केटो' लाई प्रदान गरिने भएको छ ।

सन् २०२० प्रकाशित नेपाली साहित्यिक कृतिहरूमध्येबाट कृतिमाथि प्रकाशित समीक्षा, बिक्री, साहित्यकारहरूको सिफारिस तथा निर्णायक मण्डलको मतलाई आधार मानेर 'कोटेश्वरको केटो'ले उक्त पुरस्कार प्राप्त गरेको हो ।

राजेन्द्र पराजुलीका हालसम्म विकल्प यात्रा २०५०, जाडोमा भोक २०६२, सपनामा मार्क्स २०६८, शुक्रराज शास्त्रीको चस्मा २०७३, अघोरी २०७५ गरेर पाँच वटा कथासंग्रह प्रकाशित भइसकेका छन् । एउटा उपन्यास अनायिका र कवितासंग्रह भ्रष्ट संवेदना तथा संस्मरणात्मक कृति कोटेश्वरको केटो समेत गरी उहाँले आठवटा कृति नेपाली साहित्यजगतलाई दिइसक्नुभएको छ ।

पराजुलीको संस्मरणात्मक कृति 'कोटेश्वरको केटो' आजभन्दा झण्डै साढे चार दशकअघिको काठमाडौंको दृश्य हो । यो कृतिले तत्कालीन काँठको सजीव चित्र प्रस्तुत गरेको छ । काँठे जीवन, मानिसका आनीबानी, संस्कृति, चरित्र, संघर्ष र पीडाको कथा यो कृतिको एक भागमा उहाँले प्रस्तुत गर्नुभएको छ । कसरी कोटेश्वरका स्थानीयलाई पञ्चायती सरकारले पलायन हुन र गरिब बन्न बाध्य पाऱ्यो भन्ने सन्दर्भ शोधकर्ताका लागि समेत एउटा गतिलो विषय बन्न सक्छ ।

# हलेसीमा १३ दिनमा दुई लाख बढी भेटी संकलन

**चिसाङ शेर्पा/हिटा**
**खोटाङ, २८ माघ**

खोटाङको हलेसी महादेव मन्दिरमा १३ दिनमा दुई लाख २२ हजार वढी भेटी संकलन भएको छ । हलेसी महादेव शिव-पार्वती थानमा करीव दुई हप्तामा दुई लाख २२ हजार ३५५ रुपैयाँ भेटी संकलन भएको हो ।

८ माघदेखि २१ माघसम्म उक्त भेटी संकलन भएको हलेसी सूचना केन्द्र प्रमुख सयन्द्र राईले जानकारी दिनुभयो । राईका अनुसार १६ मंसिरदेखि २१ माघसम्म रुद्री, लाखबत्तिलगायत अन्य सहयोग स्वरुप ६५ हजार तीन सय रुपैयाँ भेटीघाटी संकलन भएको छ । मुलुकमा संघीय संरचना लागू भएपछि स्थानीय सरकार कार्यन्वयन भएसँगै हलेसी तुवाचुङ नगरपालिकाले हलेसी सूचना केन्द्र स्थापना गरी कर्मचारी राखेर संकलन भएको भेटी समय-समयमा सार्वजनिक गर्दै आएको छ । भेटीमा दुरुपयोग हुन नदिन मन्दिर परिसरमा सीसी क्यामेरा राखिएको छ ।

संकलन भएको भेटी गन्न सीसी क्यामेराको निगरानीमा सूचना केन्द्र, हलेसी विकास समिति, प्रहरी र मन्दिर व्यवस्थापन समितिका एक/एक जना प्रतिनिधि राखिने गरेको हलेसी तुवाचुङ नगरपालिकाका नगर प्रमुख इवन राईले बताउनुभयो । भेटी गनेर सकिएपछि तत्काल बैंकमा जम्मा गरिने र मन्दिर व्यवस्थापनलगायतमा काम गर्ने कर्मचारीहरूलाई बैकिङ प्रणालीबाट तलब दिने व्यवस्था मिलाईएको नगरप्रमुख राईको भनाइ छ ।



**गाडी तार्न फेरीको भर**

संखुवासभा र भोजपुर जोड्ने अरुण नदीमा फेरीको सहायताबाट यातायातको साधन तार्दै स्थानीयवासी । फेरी संघीय सांसद् क्षेत्र विकास कोषबाट ७५ लाख, प्रदेश सांसद क्षेत्र विकास कोषबाट ७५ लाख र षडानन्द नगरपालिकाको ५५ लाखको लागतमा निर्माण गरिएको हो । निर्माण भएको फेरीबाट दैनिक दुई सयभन्दा बढी सवारीसाधन तारिन्छ । *तस्बिर : रासस*